Australian Government

Australian Taxation Office




# अष्ट्रेलियाको कर प्रणाली:
## तपाईंले जान्नु पर्ने कुराहरू

ato.gov.au

तपाईं अष्ट्रेलियामा नयाँ हुनुहुन्छ वा तपाईं अंग्रेजी बुझ्नुहुन्न भने यो सारांशमा अष्ट्रेलियाली कर प्रणालीको बारेमा केही प्रश्नको जवाफ समावेश छ।

# कर किन तिर्नु पर्छ

हामीले कर रकमबाट व्यवस्था गरिने गुणस्तरीय स्वास्थ्य र शिक्षा प्रणाली तथा पार्क, खेल मैदान जस्ता विविध सामुदायिक सुविधाहरूको प्रयोग गर्ने भएकाले हामीले कर तिर्नु पर्ने हुन्छ।

अष्ट्रेलियाली कर कार्यालय (ATO) ले निम्न लगायतका सेवाहरू प्रदान गर्ने प्रयोजनका लागि अष्ट्रेलियाली सरकारको पक्षबाट कर संकलन गर्छ:

- स्वास्थ्य सेवा
- शिक्षा
- रक्षा
- सडक तथा रेल
- कल्याण, संकट राहत तथा पेन्सन वापत भुक्तानी।






# तपाईंले काम गर्न सुरु गर्नुअगाडि

**अष्ट्रेलियामा काम गर्ने अनुमति**

तपाईं विदेशी हुनुहुन्छ र अष्ट्रेलियामा काम गर्न चाहनुहुन्छ भने तपाईंले Department of Home Affairs बाट काम गर्ने अनुमति लिएपछि मात्र तपाईं अष्ट्रेलियामा काम गर्न पाउनुहुन्छ। Home Affairs ले तपाईंलाई अष्ट्रेलियामा काम गर्न कुन भिषा लिनुपर्छ भन्ने लगायतका उपयोगी जानकारी उपलब्ध गराउन सक्छ।

अष्ट्रेलियामा काम गर्ने अनुमतिसम्बन्धी थप जानकारीको लागि **homeaffairs.gov.au** हेर्नुहोस्।




## Tax file number प्राप्त गर्नुहोस्

Tax file number (TFN) कर प्रणालीले तपाईंलाई प्रदान गर्ने करदाता संख्या हो। TFN **निःशुल्क** प्राप्त गर्न सकिन्छ।

तपाईंले काम गर्न थाल्नुअगाडि वा थाल्ने बित्तिकै TFN प्राप्त गर्नु पर्छ। नत्रभने तपाईंले बढी कर तिर्नु पर्ने हुन्छ। हामी करदाताको पहिचान गर्ने तथा अभिलेख राख्ने प्रयोजनका लागि व्यक्ति, व्यवसाय तथा अन्य संगठनहरूलाई TFNs प्रदान गर्छौं।

TFN का लागि आवेदन कसरी दिने भन्ने कुरा तपाईंको परिस्थितिमा भर पर्छ। थप जानकारीको लागि **ato.gov.au/tfn** हेर्नुहोस्।

यो आवेदन पूरा गर्ने बेलामा हामीलाई आफ्नो परिचय पुष्टि गर्ने कागजातहरू चाहिन्छ।

TFN प्राप्त गर्न केही समय लाग्छ। तपाईंले आवेदन पेस गरेको 28 दिनभित्र तपाईंलाई हुलाकबाट TFN पठाइन्छ।

TFN प्राप्त गरेपछि सुरक्षित राख्नु पर्छ र कसैलाई प्रयोग गर्न दिनुहुँदैन। आफ्नो व्यक्तिगत विवरण सुरक्षित राख्ने तरिकाका बारेमा थप जानकारीको लागि **ato.gov.au/identitycrime** हेर्नुहोस्।




## Australian business number (ABN) अष्ट्रेलियाली व्यवसाय संख्या (व्यवसायको लागि हो)

सबै व्यक्तिले अष्ट्रेलियाली व्यवसाय संख्या (ABN) प्राप्त गर्न सक्दैनन्। सबै व्यक्तिले ABN प्राप्त गर्न पनि आवश्यक हुँदैन। तपाईंसँग ABN छ भने निम्न अर्थ लाग्छ:

- तपाईंको आफ्नै व्यवसाय छ
- तपाईंले हामीलाई कर तिर्नु पर्छ
- तपाईंले आफ्नो सुपर बापत रकम तिर्नु पर्छ
- तपाईंलाई चोटपटक लाग्दा बीमा लागू हुँदैन।

ABN का लागि आवेदन दिने बारेमा थप जानकारीको लागि **abr.gov.au** हेर्नुहोस्

# तपाईंले काम गर्न सुरु गरेपछि



## Tax file number घोषणा फाराम पूरा गर्नुहोस्

तपाईंले काम गर्न सुरु गरेपछि तपाईंको व्यक्तिगत जानकारी र TFN प्राप्त गर्न तपाईंको रोजगारदाताले तपाईंलाई *Tax file number declaration* (कर फाइल नम्बरसम्बन्धी घोषणा) फाराम भर्न लगाउने छन्।

तपाईंको रोजगारदाताले यो जानकारीको आधारमा तपाईंले तिर्नु पर्ने कर रकम निर्धारण गर्छन्। तपाईंले 28 दिनभित्र यो घोषणा फाराम भरेर आफ्नो रोगजारदातालाई प्रदान गरिसक्नु पर्छ। तपाईंले यो काम गर्न नसकेको खण्डमा तपाईंले बढी कर तिर्नु पर्ने हुन्छ।

कर नलाग्ने आयको सीमा लागू हुने दावी गर्ने बारेमा थप जानकारीको लागि **ato.gov.au/taxfreethreshold** हेर्नुहोस्

तपाई कर प्रयोजनका लागि अष्ट्रेलियाली बासिन्दा हुनुहुन्छ भने तपाई यो घोषणा फाराम भर्दा आफूमा कर नलाग्ने आयको सीमा लागू हुने कुरा दावी गर्न सक्नुहुन्छ। यसको अर्थ हो तपाईंले एक वर्षमा कमाएको कुल रकममध्ये पहिलो $18,200 मा कर लाग्दैन।

सामान्यतया तपाई एक जना रोजगारदाताको सन्दर्भमा मात्र यो दावी गर्न सक्नुहुन्छ। तपाई एकभन्दा बढी रोजगारदाताको लागि काम गर्नुहुन्छ भने तपाईंलाई आफूलाई सबैभन्दा बढी तलव दिने रोजगारदाताको सन्दर्भमा आयको सीमा लागू हुने दावी गर्नु पर्छ।

Tax file number घोषणाको बारेमा थप जानकारीको लागि **ato.gov.au/TFNdec** हेर्नुहोस्

## कर तिर्ने तरिका

तपाईंको रोजगारदाताले तपाईंको तलव वा ज्यालाबाट कर काटेर तपाईंलाई तलव वा ज्याला दिन्छन्। तपाईंको पेस्लिपमा तपाईंले तिरेको कर रकम उल्लेख हुन्छ। आर्थिक वर्षको अन्त्यमा तपाईंले आफ्नो आय विवरण वा भुक्तानी सारांश हेर्नुभयो भने तपाईंले कमाएको रकम र तिरेको कर रकम थाह पाउन सक्नुहुन्छ। तपाई आफ्नो आयको विवरण myGov मा रहेको ATO online services मा गई हेर्न सक्नुहुन्छ।

तपाईंले तिर्ने कर रकम निम्न कुरामा आधारित हुन्छ:

- कर प्रयोजनका लागि तपाईंको आवास
- तपाईंको आय
- तपाईंको रोजगारदाताको संख्या
- तपाईंसँग tax file number (TFN) छ वा छैन भन्ने कुरा। TFN एक व्यक्तिगत पहिचान नम्बर हो र तपाईंले काम गर्न थालेपछि यो नम्बर रोजगारदातालाई दिनु पर्छ।




केही रोजगारदाताहरूले तपाईंलाई तलव बैंकबाट होइन नगदमा दिन्छन् । उनीहरूले निम्न कुराहरू गरेर नगदमा तलव दिए भने केही असर हुँदैन:

- तपाईंको तलवबाट कर कट्टी गर्ने
- तपाईंलाई तपाईंले तिरको कर रकम देखाउने पेस्लिप दिने
- तपाईं सुपरका लागि योग्य हुनुहुन्छ भने तपाईंको पक्षबाट सुपरमा योगदान दिने ।

तपाईंले TFN प्राप्त नगरिकन काम गर्न थाल्नुभयो भने तपाईंले 28 दिनभित्र TFN प्राप्त गरेर आफ्नो रोगजारदातालाई प्रदान गरिसक्नु पर्छ । तपाईंले यो काम गर्न नसकेको खण्डमा तपाईंले बढी कर तिर्नु पर्ने हुन्छ ।

करको दरका बारेमा थप जानकारीको लागि **ato.gov.au/taxrates** हेर्नुहोस् ।

## सुपर (पेन्सन)

अवकासपछि जीविकोपार्जन गर्न तपाईंले आफ्नो रोजगारीदौरान छुट्याएको रकमलाई सुपर भनिन्छ । रोजगारी सुरु गर्दा तपाईंले सुपरले कसरी काम गर्छ र यस सन्दर्भमा तपाईंसँग के कस्ता अधिकारहरू हुन्छन् भन्ने कुरा जान्नु पर्ने हुन्छ ।

सुपर भनेको तपाईंले तलवबाहेक पाउने (रोजगारदाताले तिर्ने) रकम हो । तपाईं सुपरका लागि योग्य हुनुहुन्छ भने तपाईंको रोजगारदाताले तपाईंको पक्षबाट अनिवार्य रूपले सुपर कोषमा तोकिएको रकम जम्मा गरिदिनु पर्छ । प्रायजसो मान्छेहरू रकम जम्मा हुने आफ्नो सुपर कोष आफै छान्न पाउँछन् ।

आफ्नो खातामा सही रकम जम्मा भइरहेको छ छैन भन्ने कुरा थाह पाउन तपाईंले नियमित रूपले आफ्नो सुपर खाताको जाँच गर्नु पर्ने हुन्छ । आफूले गरेको सुपरको भ्रमणको अभिलेख राख्ने बारेमा थप जानकारीको लागि **ato.gov.au/trackyoursuper** हेर्नुहोस्

सुपरको भ्रमणको बारेमा थप जानकारीको लागि **ato.gov.au/tfnsuper** हेर्नुहोस्




# तपाईंको कर फिर्ता फाराम

### कस कसले कर फिर्ता फाराम पेस गर्नु पर्छ ?

निम्न अवस्थामा तपाईंले अनिवार्य रूपले कर फिर्ता फाराम पेस गर्नु पर्छ:

- आर्थिक वर्ष (1 जुलाई र 30 जुन) को बीचमा तपाईंको तलवबाट कर कट्टा गरिएको छ भने
- तपाईंको करयोग्य आय (केही अष्ट्रेलियाली सरकारी भुक्तानीसहितका) कर नलाग्ने आयको सीमाभन्दा बढी छ भने
- तपाईं विदेशी नागरिक हुनुहुन्छ र तपाईंले एक आर्थिक वर्षमा अष्ट्रेलियामा $1 वा सोभन्दा बढी कमाउनुभएको छ भने। (यो आयमा गैर-बासिन्दाले तिर्ने कर कट्टा गरिएको आय समावेश हुँदैन।)
- तपाईं कम्तीमा एक आर्थिक वर्षको लागि अष्ट्रेलिया छोडेर जाँदै हुनुहुन्छ भने।

तपाईंको कर फिर्ता फाराममा भएको विवरणको आधारमा तपाईंले थप कर तिर्नु पर्छ वा तिरेको कर रकम फिर्ता (कर फिर्ता) पाउनु हुन्छ वा हुन्न भन्ने कुरा थाह पाउँछौं।

तपाईंले कर फिर्ता फाराम पेस गर्नु पर्छ कि पर्दैन थाहा पाउन **ato.gov.au/DoINeedToLodge** हेर्नुहोस्

### तपाईंले पेस गर्नु पर्ने जानकारी

कर फिर्ता फाराम पेस गर्न तपाईंसँग निम्न जानकारी हुनुपर्छ:

- तपाईंले रोजगारीबाट (नगदसहित) कमाएको रकम, बैंक वा लगानीबाट प्राप्त ब्याज
- तपाईंको आयबाट कट्टा गरिएको रकम (अर्थात् तपाईंको रोजगारदाताले तपाईंको आयबाट कट्टा गरेर हामीलाई पठाएको रकम)
- तपाईंले दावी गरिरहनुभएको खर्च तथा कर छूट।

कर कम तिर्ने प्रयोजनका लागि तपाईं कामको सिलसिलामा भएको खर्च कट्टा गर्ने दावी गर्न सक्नुहुन्छ। यसैलाई कटौती भनिन्छ। यस अन्तर्गत दावी गरिने प्रायजसो: खर्चहरू रोजगारीसम्बन्धी खर्चहरू हुन्छन्। अर्थात् तपाईं यस अन्तर्गत आफूलाई आय आर्जन गर्न सहयोग गर्ने खर्चहरू राख्नुहुन्छ। तपाईंले आफूले दाबी गर्ने हरेको खर्चको सम्बन्धमा अनिवार्य रूपले निम्न कुरा पुष्टि गर्नु पर्छ:

- तपाईंले यो खर्च आय आर्जन गर्ने प्रयोजनका लागि गरेको हो
- यी खर्च निजी काममा भएका खर्च हैनन्
- तपाईंसँग सम्बन्धित खर्चको प्रमाण (बिल आदि) छ।




तपाईंको रोजगारदाताले तपाईंलाई भुक्तानीको सारांश वा आयको विवरण प्रदान गर्नु पर्ने हुन्छ। यो विवरणले तपाईंको आय र तपाईंले तिरेको करसम्बन्धी जानकारी प्रदान गर्छ।

कर फिर्ता फाराम पेस गर्ने बारेमा जानकारी लिन निम्न वेबसाइट हेर्नुहोस्:

- **ato.gov.au/incomeyoumustdeclare**
- **ato.gov.au/deductions**
- **ato.gov.au/incomestatement**

## अभिलेख राख्ने तरिका

तपाईंले कर फिर्ता फाराम पेस गरेपछि हामी तपाईंले पेस गरेको विवरण जाँची तपाईंले सही कर तिर्नुभएको छ वा छैन भन्ने कुरा पत्ता लगाउँछौँ। हामी तपाईंलाई यो जाँचको परिणामसहित सूचना पठाउँछौँ।

तपाईंले आफूले दाबी गरेको खर्चको विवरण (बिल आदि) राखेको हुनु पर्छ। तपाईंले अनिवार्य रूपले कर फिर्ता फाराम पेस गरेको मितिले पाँच वर्षसम्मको अभिलेख राख्नु पर्छ। हामी तपाईंलाई ती अभिलेख देखाउन लगाउन सक्छौँ।

अभिलेख राख्ने तरिकाको बारेमा थप जानकारीको लागि **ato.gov.au/taxrecords** हेर्नुहोस्।

तपाई myDeductions को प्रयोग गरी सजिलै सँग आफ्नो आय तथा व्ययको अभिलेख एकै ठाउँमा राख्न सक्नुहुन्छ। आफ्नो स्मार्ट डिभाइसमा ATO app डाउनलोड गर्नुहोस् र myDeductions आइकन छान्नुहोस्। **ato.gov.au/app** हेर्नुहोस्

myDeductions को बारेमा थप जानकारीको लागि **ato.gov.au/myDeductionatoapp** हेर्नुहोस्




# कर फिर्ता फाराम भर्ने र पेस गर्ने तरिका

## कहिले पेस गर्ने

तपाईं myTax प्रयोग गरी अनलाइनबाट यो कर फिर्ता फाराम पेस गर्न सक्नुहुन्छ वा कुनै मान्यता प्राप्त कर एजेन्टलाई आफ्नो तर्फबाट फाराम पेस गर्न लगाउन सक्नुहुन्छ। तपाईंको कर फिर्ता फाराममा 1 जुलाई र 30 जुन बीचको आर्थिक गतिविधि समावेश हुन्छ। तपाईं **31 अक्टोबर** सम्ममा कर फिर्ता फाराम पेस गरिसक्नु पर्छ वा कर एजेन्ट नियुक्त गरिसक्नु पर्छ।

तपाईंले myTax प्रयोग गरी अनलाइनबाट पेस गरे पनि वा कर एजेन्ट नियुक्त गरे पनि हामी तपाईंको कर फिर्ता फाराममा आफूसँग भएको विवरण अग्रिम रूपमा भरिदिन्छौँ। जस्तै, हामी रोजगारी र बैंक ब्याजबाट आएको आय हामी भरिदिन्छौँ प्रायजसो मान्छेको हकमा यो काम जुलाईको अन्त्यसम्ममा तयार हुन्छ। हामीले आफूसँग भएका विवरण भरुन्जेल पर्खनुभयो भने तपाईं सही र सहज तरिकाले आफ्नो कर फिर्ता फाराममा विवरण भर्न सक्नुहुन्छ।

हामी आफूले जुन जानकारी प्राप्त गरेका छौँ सोही जानकारी अग्रिम रूपमा भरिदिन्छौं। अत: तपाईंले हामीले भरेको विवरण रुजू गर्नु पर्छ र त्रुटि भेटियो भने सच्याउनु पर्छ।

कर फिर्ता फाराम पेस गर्ने तरिकाको बारेमा थप जानकारीको लागि **ato.gov.au/lodgingtaxreturn** हेर्नुहोस्।

## myTax बाट अनलाइन पेस गर्नुहोस्

तपाईं myTax प्रयोग गरी अनलाइनबाट कर फिर्ता फाराम पेस गर्न सक्नुहुन्छ। myTax प्रयोग गरेर अनलाइनबाट चाँडो, सहज र सुरक्षित तरिकाले कर फिर्ता फाराम पेस गर्न सकिन्छ।

myTax प्रयोग गर्न सुरुमा तपाईंले myGov खाता बनाउनु पर्छ र आफ्नो खाता ATO online services मा लिंक गर्नु पर्छ।

myGov खाता र यो खाता ATO मा लिंक गर्ने बारेमा थप जानकारीका लागि **ato.gov.au/linktomygov** हेर्नुहोस्

आवश्यक सबै सूचना प्राप्त गर्न सकियोस् र कर फिर्ता फाराम पेस गर्न ढिलाइ नहोस् भन्नका लागि यो काम ट्याक्स टाइम (1 जुलाई) भित्र गरिसक्नुहोला।

तपाईंले आफ्नो खाता ATO online services मा लिंक गरेपछि तपाईं myTax प्रयोग गरी कर फिर्ता फाराम पेस गर्न सक्नुहुन्छ।

प्रथम पटक आफ्नो कर फिर्ता फाराम पेस गर्ने तरिका जान्न **ato.gov.au/firstreturn** हेर्नुहोस्



## मान्यताप्राप्त कर एजेन्टको सहायताले पेस गर्नुहोस्

तपाईं मान्यताप्राप्त कर एजेन्टको सहयोग लिई कर फिर्ता फाराम भर्न र पेस गर्न सक्नुहुन्छ। तपाई कर एजेन्ट प्रयोग गर्दै हुनुहुन्छ भने तपाईंले ती एजेन्टलाई 31 अक्टोबरअगाडि सम्पर्क गरिसक्नु पर्ने हुन्छ। थप जानकारीको लागि **ato.gov.au/lodgewithanagent** हेर्नुहोस्।

## कर फिर्ता फाराम पेस गर्ने सहायता

कर फिर्ता फाराम पेस गर्ने बेलामा तपाईं निःशुल्क सहायता प्राप्त गर्न सक्नुहुन्छ। Tax Help सेवा निम्न आय (बढीमा वर्षको $60,000) भएका करदाताहरूको लागि बनाइएको हो। तपाईं कर फिर्ता फाराम भर्ने सहयोग चाहनुहुन्छ हाम्रा तालिम प्राप्त कर स्वयंसेवकहरूले तपाईंलाई सहयोग गर्न सक्छन्। हाम्रा स्वयंसेवकहरूले करदाताहरूलाई myTax प्रयोग गरी अनलाइनबाट कर फिर्ता फाराम भर्न निःशुल्क सहयोग गर्छन्। उनीहरू करदाताहरूको गोपनीयता पनि कायम गर्छन्।

Tax Help जुलाईदेखि अक्टोबरसम्म सबै अष्ट्रेलियाका सबै राजधानी शहरहरु र अन्य क्षेत्रमा उपलब्ध हुन्छ। Tax Help का बारेमा थप जानकारीको लागि **ato.gov.au/taxhelp** हेर्नुहोस्।

# आफ्नो जानकारी सुरक्षित राख्ने तरिका




तपाईंले आफ्नो व्यक्तिगत जानकारी सुरक्षित राख्नु पर्ने हुन्छ।

तपाईंले आफ्नो जीवनभर TFN चाहिने भएकाले यसलाई सुरक्षित राख्नुहोस्। तपाईंले आफ्नो नाम, ठेगाना, जागिर बदलेमा, तपाईं अर्को राज्यमा बसाइ सरेमा वा विदेश गएमा पनि तपाईंको TFN परिवर्तित हुने छैन।

कसैलाई पनि आफ्नो TFN प्रयोग गर्न नदिनुहोस्। कसैलाई आफ्नो TFN प्रयोग गर्न दिनु वा बेच्नु भनेको अपराध गर्नु हो।

निम्न व्यक्ति वा संस्थालाई मात्र आफ्नो TFN दिनुहोस्:

- तपाईंको कर विवरणको बारेमा छलफल गर्दा हामीलाई
- काम सुरु गरेपछि रोजगारदातालाई। तर कामको आवेदनमा यसको विवरण समावेश नगर्नुहोस्
- आफ्नो बैंक वा अन्य वित्तीय संस्थालाई
- Services Australia लाई
- आफ्नो कर एजेन्टलाई
- आफ्नो सुपर कोषलाई
- Higher Education Loan Program (HELP) जस्ता शैक्षिक ऋण प्राप्त गर्ने प्रयोजनका लागि आफ्नो शिक्षा संस्था वा विश्वविद्यालयलाई।

तपाईंको TFN हरायो, चोरियो भने वा यसको दुरुपयोग भइरहेको छ भने हामीलाई तुरुन्तै जानकारी दिनुहोस्। थप जानकारीको लागि **ato.gov.au/FindmyTFN** हेर्नुहोस्।

व्यक्तिगत विवरणसम्बन्धी अपराध रोक्न आफ्ना व्यक्तिगत विवरणहरू सुरक्षित राख्नुहोस्। अरू व्यक्तिको विवरण प्रयोग गरी अपराध गरिएको अवस्थामा व्यक्तिगत विवरणसम्बन्धी अपराध भएको मानिन्छ। स्मरण रहोस्:

- myGov को पासवर्ड वा अन्य अनलाइन पासवर्ड कसैलाई पनि (कर एजेन्टसँग पनि) नदिनुहोस्
- इमेलमा आफ्नो TFN, पासवर्ड वा अन्य संवेदनशील जानकारी समावेश नगर्नुहोस्।

जाली इमेल, फ्याक्स, SMS, टेलिफोन कर्ताहरूले हामीलाई छल्न सक्छन्। आफूलाई कसले सम्पर्क गरेको हो भन्ने बारेमा निश्चित हुन सक्नुभएन भने हामीलाई सम्पर्क गर्नुहोस्, **ato.gov.au/phoneus** हेर्नुहोस वा **ato.gov.au/scams** हेर्नुहोस्

आफ्नो व्यक्तिगत विवरण सुरक्षित राख्ने तरिकाका बारेमा थप जानकारीको लागि निम्न वेबसाइट हेर्नुहोस्:

- आफ्नो जानकारी सुरक्षित राख्ने तरिका – **ato.gov.au/identitycrime**
- कर जालसाजी – **ato.gov.au/scams**
- व्यक्तिगत विवरणसम्बन्धी अपराध – **ato.gov.au/identitytheft**
- **scamwatch.gov.au**

ato.gov.au

NAT 71986NEP-06.2021 DE-32692